अनुसूची ३

बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू

(दफा २१ सँग सम्बन्धित)

| क्र.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| **क** | बाल बचाऊ | | |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन्। | | ९५ प्रतिशत |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ बटा खोप लगाएका हुनेछन्। | | ९५ प्रतिशत |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन्। | | ९५ प्रतिशत |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन्। | | ८० प्रतिशत |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिबार्यरुपमा पूर्ण स्तनपान गराएका हुनेछन्। | | ८० प्रतिशत |
| ६ | छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ। | | १०० प्रतिशत |
| ७ | एक बर्ष भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषण भएको हुनेछ। | | १०० प्रतिशत |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophyaixis पाएका हुनेछन्। | | १०० प्रतिशत |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन्। | | १००प्रतिशत |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरूको संख्यामा कमी आएको हुनेछ। | | ८० प्रतिशत |

| क्र.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ। | | १०० प्रतिशत |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ। | | १०० प्रतिशत |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ। | | १०० प्रतिशत |
| १४ | प्रत्येक घरपरिबारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ। | | १०० प्रतिशत |
| **ख** | बाल संरक्षण | | |
| १५ | ५ बर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ। | | १०० प्रतिशत |
| १६ | निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापनाभएको हुनेछ। | | १०० प्रतिशत |
| १७ | स्थानीय तह बाल बिबाह मुक्त भएको हुनेछ। | | १०० प्रतिशत |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, वेचबिखन, शोषण, वेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ। | | ८० प्रतिशत |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ। | | १०० प्रतिशत |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ। | | ९५ प्रतिशत |
| २१ | स्थानीय तह /समुदायले १४ बर्षमुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन्। | | १०० प्रतिशत |

| क.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ (सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने)। | | १०० प्रतिशत |
| २३ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन्। | | १०० प्रतिशत |
| २४ | कूलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन्। | | १०० प्रतिशत |
| **ग** | बाल बिकास | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ। (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | | १०० प्रतिशत |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन्। | | १०० प्रतिशत |
| २७ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ। | | १०० प्रतिशत |
| २८ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन्। | | १०० प्रतिशत |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ। | | १०० प्रतिशत |
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था गरेका हुनेछन्। | | १०० प्रतिशत |

| क.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| **घ** | बाल सहभागिता | | |
| ३१ | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशील (न्यूनतम् बार्षिक ३ बटा बैठक, ३ बटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। | | ९५ प्रतिशत |
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लव गठन भै क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। | | ९५ प्रतिशत |
| ३३ | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ। | | १०० प्रतिशत |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव/सञ्जालको प्रतिनिधित्व रहनेछ। | | १०० प्रतिशत |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ बर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ। | | ९० प्रतिशत |
| ३६ | बालभेलाबाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन्। | | १०० प्रतिशत |
| **ङ** | संस्थागत विकास | | |
| ३७ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशील रहेका हुनेछन्। | | १०० प्रतिशत |
| ३८ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | | १०० प्रतिशत |
| ३९ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ। | | ८० प्रतिशत |

| क्र.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| ४० | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ। | | १०० प्रतिशत |
| ४१ | स्थानीय तहको योजना तर्जुमा पूर्व बार्षिक रुपमा वडा र गाउँ /नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ। | | १०० प्रतिशत |
| ४२ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ। | | १०० प्रतिशत |
| ४३ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन्। | | १०० प्रतिशत |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन्। | | १०० प्रतिशत |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यबसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन्। | | ८० प्रतिशत |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाइ रहेको हुनेछ। | | १००प्रतिशत |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनेछन्। | | १००प्रतिशत |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ। | | १००प्रतिशत |

| क्र.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| ४९ | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। | | १०० प्रतिशत |
| ५० | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। | | १०० प्रतिशत |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्ता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ। | | १०० प्रतिशत |